# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर ।

## पुराना सवारी साधनहरु सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्ने सम्बन्धी सूचना ।

*(प्रथमपटक प्रकाशित मिति २०७४।११।२२)*

यस बोर्डको नाममा रहेको देहाय बमोजिमका पुराना सवारी साधनहरु हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्नु पर्ने भएकोले इच्छुक फर्म/कम्पनी/संस्था वा व्यक्तिहरुलाई यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र बोलपत्र फारम खरिद गरी २२ (बाईसौं) दिनको १२.०० बजे भित्र (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) बोर्डको कार्यालय जावलाखेल, ललितपुरमा रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल | सवारी साधन नं | संख्या | न्युनतम लिलाम मूल्य (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १. | किया कार | २००५ | बा ५ च ३५६८ | १ | ८,२०,०००।०० |
| २. | किया कार | २००७ | बा ६ च १९१५ | १ | ७,८०,०००।०० |
| ३. | किया कार | २००९ | बा ७ च ३७९ | १ | ८,७८,०००।०० |
| ४. | हिरो होण्डा प्यासन मोटरसाईकल | २००३ | बा १६ प २७१५ | १ | २१,०००।०० |
| ५. | हिरो होण्डा मोटरसाईकल | २००७ | बा २३ प ८२९७ | १ | ३१,०००।०० |
| ६. | यामाहा ग्लाडियटर मोटरसाईकल | २००६ | बा २७ प ५९८८ | १ | ३१,०००।०० |
| ७. | होण्डा साइन मोटरसाईकल | २०१० | बा ३८ प ९४५३ | १ | ५६,०००।०० |

**शर्तहरु** :

(१) सिलवन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले २२ (बाइसौं) दिन अर्थात मिति २०७४।१२।१३ को दिनको २.३० बजे बोर्डको कार्यालय जावलाखेलमा खोलिनेछ ।

(२) बोलपत्र साथ बोलपत्र जमानत वापत आफुले कबोल गरेको रकमको दश प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप नेपाल इन्भेष्टमेन्ट बैंक, बत्तीसपुतली शाखामा यस बोर्डको नाममा रहेको खाता नं. ०१९०१०३००२२९८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नुपर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटीवापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) लिलाम सम्बन्धी फाराम वापतको फाराम दस्तूर रु. २,०००।०० (अक्षेरुपी दुई हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा रहेको बोर्डको खाता नं. ०१९०१०३००२२९८७ मा जम्मा गरको सक्कलै भौचर बुझाई यस बोर्डको प्रशासन शाखाबाट लिन सकिनेछ ।

(५) लिलाम हुने सवारी साधन हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १०.०० बजे देखि दिउँसो ३.०० बजे (शुक्रबार विहान १०.०० बजे देखि दिउँसो १.३० बजे) सम्म यस बोर्डको कार्यालय, प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) र स्थायी लेखा नं. लिएको वा मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(७) बोलपत्र सम्वन्धी सूचना लिलाम हुने सवारी साधनको विवरण तथा यसका शर्तहरु यस बोर्डको कार्यालय जावलाखेल, ललितपुरको सूचनापाटी तथा वेबसाइट www.sebon.gov.np प्राप्त गर्न सकिनेछ ।